जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १३५ पृष्ठः ४ | २०८३ असोज ०१ बिहीबार (Thursday 17 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## वडाबाट हुने कामको अपेक्षा सांसदसँग



**जीवछ यादव**

लहान, ३१ भदौ। तीन तहका सरकारमध्ये नागरिकको सबैभन्दा नजिकको स्थानीय सरकारअन्तर्गत वडाबाट हुने कामको समेत अपेक्षा प्रतिनिधिसभा सदस्यबाट गर्न थालिएको सिरहा–१ का सांसद तथा पूर्वखेलकुदमन्त्री बब्लु गुप्ताले बताउनुभएको छ। आफ्नो निर्वाचन क्षेत्रमा निर्वाचित भएपछि मतदाता भेटघाट कार्यक्रममा जाँदा स्थानीयवासीले वडा तहबाटै मर्मत तथा सुधार गर्नुपर्ने बाटोघाटो, खानेपानी र सरसफाइका कामको सूचीसमेत बुझाउन थालेको उहाँले बताउनुभयो।

“नौ वर्षमा स्थानीय, प्रदेश र संघीय सरकारसमेतको गरी पाँच करोडदेखि १० करोड रुपियाँसम्म बजेट स्थानीय तहमा गएको छ। तर गाउँको विद्यालय, एक सय मिटर सडक निर्माण, खानेपानीको व्यवस्था र सामाजिक न्यायका काम भएका छैनन्,” सांसद गुप्ताले सञ्चारकर्मीसँगको भेटघाटमा भन्नुभयो, “संघीय सरकारको सांसदको हैसियतले शिक्षा, स्वास्थ्य, पूर्वाधार र सिँचाइ योजनाका लागि ठुलो आकारको संघीय बजेट ल्याउन पहल गर्ने हो। सानातिना काम निष्पक्ष भएर स्थानीय तहले गर्नुपर्ने हो।”

लहान नगरपालिका–१३ घलेटोलमा स्थानीयवासीसँगको भेटघाटका क्रममा दुई सय मिटर सडकमा ग्राभेल, विद्यालयको सरसफाइ, खानेपानी, बाटो फराकिलो बनाउने तथा सामाजिक न्यायसम्बन्धी समस्या स्थानीय दलित समुदायले राखेको सांसद गुप्ताले सुनाउनुभयो।

उहाँले भन्नुभयो, “यी काम स्थानीय तह र वडाले गर्नुपर्ने हो तर भएका छैनन्। आफू निर्वाचित भएको छ महिनामा संघीय स्तरबाट शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा काम गरिरहेका छौँ। स्थानीय तथा प्रदेश सरकारका जनप्रतिनिधिसँग समन्वय गरेर स्थानीय जनताका समस्या समाधानका लागि पहल गर्नेछौँ।”

## प्रहरीको ब्यारिकेट तोडेर भागेको एम्बुलेन्सबाट १०५ किलो गाँजा बरामद

सिरहा, ३१ भदौ। सिरहामा एम्बुलेन्सबाट प्रहरीले १०५ किलो गाँजा बरामद गरेको छ। मंगलबार राति करिब ८ बजे चोहर्वाबाट जयनगरतर्फ जाँदै गरेको ज १ च १२१३ नम्बरको एम्बुलेन्सबाट उक्त परिमाणको गाँजा बरामद भएको प्रहरीले जनाएको छ। एम्बुलेन्समा गाँजा लोड गरी सिरहातर्फ ल्याउँदै गरेको सूचना पाएपछि प्रहरी निरीक्षक सुनिल चौरसियाको कमान्डमा प्रहरी टोली परिचालन भएको थियो।

प्रहरीका अनुसार एम्बुलेन्समाथि निगरानी गरेको थाहा पाएपछि चोहर्वादेखि सिरहासम्म तीन स्थानमा राखिएका प्रहरीको ब्यारिकेट तोडेर एम्बुलेन्ससहित चालक भागेका थिए। थप प्रहरी परिचालन गरी पछ्याउने क्रममा चालकले सिरहा नगरपालिका–१

–बाँकी तीन पेजमा

## बाढी प्रभावितको राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग



**मणिलाल विश्वकर्मा**

लहान, ३१ भदौ। रसुवाको भोटेकोशीमा १० भदौमा आएको विनाशकारी बाढीबाट प्रभावितहरूको राहत तथा पुनर्स्थापनाका लागि सिराहको भगवानपुर गाउँपालिकाले साढे पाँच लाख रुपैयाँ बढी आर्थिक सहयोग गर्ने भएको छ। विनाशकारी भोटेकोशी बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै पालिकाले उद्धार, राहत र सुरक्षित पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको पालिका अध्यक्ष उग्रनारायण यादवले बताए। उनका अनुसार संघीय सरकारले गरेको निर्णय र आह्वानबमोजिम गाउँपालिकाअन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरूको तलबबाट कट्टा हुने गरी उक्त रकम कोषमा दाखिला गर्ने

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## संविधान दिवस भब्यरुपमा मनाऔं

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## खानेपानीमा राज्यको प्राथमिकता

सिरहाको गोलबजार नगरपालिका–१२ बेतौना–हरिपुरमा लामो समयदेखि देखिएको खानेपानी समस्या केवल एउटा बस्तीको दैनिक असुविधा होइन, स्थानीय तहदेखि प्रदेश र संघीय सरकारसम्मको खानेपानी व्यवस्थापनप्रतिको जिम्मेवारीसँग जोडिएको विषय हो। करिब २०० परिवार एउटै सबमर्सिबल पम्पको भरमा खानेपानीको जोहो गर्न बाध्य हुनु र भूमिगत पानीको सतह घट्दा घरघरमा रहेका चापाकलसमेत निष्क्रिय हुनु गम्भीर अवस्था हो। यस्तो अवस्थामा खानेपानीलाई सुविधा होइन, नागरिकको आधारभूत अधिकारका रूपमा लिएर राज्यले प्रभावकारी हस्तक्षेप गर्नुपर्छ।

हरिपुरका अधिकांश घरमा चापाकल भए पनि पानी आउन छाडेपछि स्थानीयले लामो समयदेखि समस्या झेल्दै आएका छन्। एउटा मात्रै सबमर्सिबल पम्पमा निर्भर हुँदा पम्प बिग्रिएको अवस्थामा पूरै बस्ती खानेपानीविहीन हुने जोखिमसमेत उत्तिकै छ। ग्रामीण तथा अर्धशहरी क्षेत्रमा भूमिगत पानीको अत्यधिक दोहन, वर्षाको पानी जमिनमा पर्याप्त पुनर्भरण नहुनु र दीर्घकालीन खानेपानी योजनाको अभावले यस्ता समस्या थप जटिल बन्दै गएका छन्। त्यसैले तत्कालीन समाधानसँगै दीर्घकालीन जलस्रोत व्यवस्थापनमा समेत ध्यान दिन आवश्यक छ।

स्थानीयको समस्या सार्वजनिक भएपछि खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरधामबाट प्राविधिक टोली स्थलगत अध्ययनका लागि पुग्नु सकारात्मक कदम हो। कार्यालयले चार इन्चको करिब १२० मिटर गहिरो बोरिङ, ओभरहेड ट्यांकी र स्थानीयको सहजताका लागि पाँचदेखि १० वटा धारासहितको योजना अघि बढाउने तयारी गरेको छ। आवश्यकता परे दोस्रो वा तेस्रो बोरिङसमेत गर्न सकिने भनिएको छ। यसले तत्कालका लागि स्थानीयको खानेपानी संकट समाधान गर्न महत्वपूर्ण आधार तयार गर्न सक्छ।

तर योजना घोषणा हुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक विषय हुन्। विगतमा विभिन्न स्थानमा खानेपानीका योजना घोषणा भए पनि बजेट, जग्गा, प्राविधिक प्रक्रिया वा निकायगत समन्वयका कारण लामो समयसम्म काम अघि नबढेका उदाहरण छन्। हरिपुरमा पनि त्यस्तो अवस्था आउन दिनु हुँदैन। बोरिङका लागि आवश्यक जग्गा उपलब्ध गराउने विषयमा वडा कार्यालय, स्थानीय जनप्रतिनिधि र सरोकारवालाबीच हुने बैठकलाई औपचारिकतामा सीमित नगरी स्पष्ट निर्णय, समयसीमा र जिम्मेवारीसहित अघि बढाउनुपर्छ।

खानेपानीको योजना बनाउँदा तत्कालीन आवश्यकतासँगै भविष्यको जनसंख्या र पानीको मागलाई पनि आधार बनाउनुपर्छ। एउटै बोरिङले केही वर्षपछि धान्न नसक्ने अवस्था आउन सक्छ। त्यसैले पानीको स्रोतको वैज्ञानिक अध्ययन, भूमिगत पानीको अवस्था, पुनर्भरणको सम्भावना र वितरण प्रणालीको दीर्घकालीन क्षमतालाई ध्यान दिन आवश्यक छ। बोरिङ खनेर ट्यांकी बनाउनु मात्रै पर्याप्त हुँदैन नियमित विद्युत् आपूर्ति, पम्पको मर्मतसम्भार, पानीको गुणस्तर परीक्षण र वितरण प्रणालीको दिगोपनसमेत सुनिश्चित गर्नुपर्छ।

त्यसैगरी खानेपानीको स्रोतको संरक्षणमा स्थानीय समुदायलाई पनि सहभागी गराउनुपर्छ। वर्षाको पानी संकलन, पानीका मुहान तथा पुनर्भरण क्षेत्रको संरक्षण र अनावश्यक भूमिगत पानी दोहन नियन्त्रणजस्ता उपायलाई स्थानीय योजनाको हिस्सा बनाउन सकिन्छ। जलवायु परिवर्तन र अनियमित वर्षाका कारण भविष्यमा पानीको उपलब्धतामा थप चुनौती आउन सक्ने भएकाले आजैदेखि वैकल्पिक स्रोत र दीर्घकालीन व्यवस्थापनमा लगानी गर्नुपर्छ।

हरिपुरको समस्या समाधानका लागि प्राविधिक टोली पुग्नु स्वागतयोग्य सुरुवात हो। अब मुख्य प्रश्न काम कहिले सुरु हुन्छ र स्थानीयले कहिलेदेखि सहज रूपमा स्वच्छ खानेपानी पाउँछन् भन्ने हो। सम्बन्धित निकायले प्रक्रिया छिटो टुंग्याएर निर्माण अघि बढाउनुपर्छ। स्थानीय तहले आवश्यक सहजीकरण गर्नुपर्छ भने प्रदेश र संघीय निकायले बजेट तथा प्राविधिक सहयोगमा ढिलाइ गर्नु हुँदैन।

खानेपानीको अभावमा नागरिकले घण्टौँ समय पानी खोज्न खर्चिनुपर्ने अवस्था विकासको सूचक हुन सक्दैन। विशेषतः बालबालिका, महिला, ज्येष्ठ नागरिक र दैनिक ज्यालादारीमा निर्भर परिवारले यसको बढी भार बेहोर्नुपर्छ। त्यसैले हरिपुरको खानेपानी समस्या समाधानलाई एउटा सामान्य पूर्वाधार निर्माणको विषय नभई नागरिकको जीवन, स्वास्थ्य र सम्मानसँग जोडिएको दायित्वका रूपमा लिनुपर्छ।

स्थलगत अध्ययनबाट पहिचान भएको समस्यालाई अब कार्यान्वयनमा रूपान्तरण गर्ने समय आएको छ। बेतौना–हरिपुरमा बोरिङ, ट्यांकी र धाराको योजना निर्धारित समयमै सम्पन्न गरी दिगो खानेपानी सेवा सुनिश्चित गर्न सकिए मात्र स्थानीयको लामो समयदेखिको पीडा अन्त्य हुनेछ। खानेपानीमा घोषणा होइन, परिणाम चाहिएको छ।

# गरिबको स्वास्थ्यमा पहुँच : कागजमा अधिकार, अस्पतालको ढोकामा बोझ



**खिलेन्द्रहरि लुईटेल**

स्वास्थ्य सेवा पाउनु नागरिकको नैसर्गिक अधिकार हो। नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा स्वीकार गरेको छ। धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित गर्न नहुने व्यवस्था गरेको छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ ले पनि यही प्रत्याभूति दोहोर्‍याएको छ। संविधान र कानुनमा लेखिएको अधिकार अस्पतालको ढोकासम्म आइपुग्दा नागरिकले कति अनुभूत गर्छ त ? यही प्रश्न सप्तरीको एउटा घटनाबाट फेरि राष्ट्रिय बहसको विषय भएको छ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल परिसरबाहिर ३० वर्षीया बबिता कुमारी पासवानले बच्चा जन्माउनुपरेको घटनाले स्वास्थ्य सेवामा पहुँचको गम्भीर प्रश्न उठाएको छ। परिवारले आर्थिक अभावका कारण अस्पतालले भर्ना गर्न नमानेको आरोप लगाएको छ भने अस्पताल प्रशासनले त्यसलाई अस्वीकार गरेको छ। घटनाबारे मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र स्थानीय तहबाट छुट्टाछुट्टै छानबिन भइरहेको छ। त्यसैले अन्तिम निष्कर्षअघि दोष निर्धारण गर्नु उचित हुँदैन। तर एउटा प्रश्न भने छानबिनभन्दा पनि ठूलो छ — आकस्मिक अवस्थामा गरिब नागरिकको स्वास्थ्य अधिकार व्यवहारमा कति सुरक्षित छ ?

### अधिकारको कागज र व्यवहारको दूरी

स्वास्थ्य सेवा अस्पताल, चिकित्सक र औषधिमा सीमित विषय होइन। यो जीवन, सम्मान, अवसर र सामाजिक न्यायसँग जोडिएको आधारभूत अधिकार हो। स्वास्थ्य सेवामा पहुँच भन्नाले अस्पताल पुग्नुमात्र नभएर समयमै उपचार पाउनु, खर्च धान्न सक्नु, आवश्यक औषधि र परीक्षण उपलब्ध हुनु, दक्ष स्वास्थ्यकर्मी भेटिनु, सहज प्रेषण प्रणाली हुनु र सम्मानपूर्वक व्यवहार पाउनु पनि हो। त्यसैले स्वास्थ्य पहुँचका चार आधारभूत स्तम्भ हुन् — समयबद्धता, आर्थिक सुलभता, गुणस्तर र सम्मान।

अस्पताल नजिकै भएरमात्र त अधिकार सुनिश्चित हुँदैन। चिकित्सक नहुनु, औषधि नपाइनु, परीक्षणका लागि निजी प्रयोगशाला धाउनुपर्ने बाध्यता वा प्रशासनिक प्रक्रियामै अल्झिनुपर्ने अवस्था पनि स्वास्थ्य अधिकारको उल्लंघन हो। त्यसैले प्रश्न अस्पताल पुग्यो कि पुगेन नभएर उपचार भयो कि भएन' हुनुपर्छ।

### गरिबी र स्वास्थ्यको दुश्चक्र

गरिबीले रोग बढाउँछ, रोगले गरिबी बढाउँछ। यही दुश्चक्र विपन्न परिवारको सबैभन्दा ठूलो चुनौती हो। न्यून आय भएका परिवारमा पोषण, स्वच्छ पानी, सरसफाइ र नियमित स्वास्थ्य परीक्षणको पहुँच सीमित हुन्छ। रोग लागेपछि उपचार खर्च थपिँदा ऋण लिनुपर्ने, दैनिक ज्याला गुम्ने वा सम्पत्ति बेच्नुपर्ने अवस्था आउँछ। विश्व बैंकका अनुसार सन् २०२३ मा नेपालको कुल स्वास्थ्य खर्चको ५९.३९ प्रतिशत हिस्सा घरपरिवारले आफ्नै खल्तीबाट व्यहोरेका थिए। यो आर्थिक तथ्यांकमात्र होइन। उपचार खर्चकै डरले गरिब नागरिक उपचार ढिल्याउने वा त्याग्ने यथार्थको सूचक हो। त्यसैले समान स्वास्थ्य सेवा भन्नाले सबैलाई एउटै सुविधा नभएर आर्थिक रूपमा कमजोर वर्गलाई अतिरिक्त संरक्षण पनि हो।

### निःशुल्क सेवाको सीमित अर्थ

सरकारले आधारभूत स्वास्थ्य सेवा निःशुल्क घोषणा गरेको छ। तर घोषणामात्र त पर्याप्त हुँदैन। सरकारी अस्पतालमा औषधि अभाव हुँदा बिरामीले बाहिरबाट किन्नुपर्छ। परीक्षण नभए निजी प्रयोगशाला धाउनुपर्छ। विशेषज्ञ सेवा नभए अर्को अस्पताल जानुपर्छ। यातायात, बसाइ र रोजगारी गुम्दाको भार अन्ततः परिवारकै काँधमा पर्छ। त्यसैले निःशुल्क स्वास्थ्य सेवाको अर्थ बहिरङ्ग टिकटमा सीमित हुनु हुँदैन। औषधि, परीक्षण, उपचार र परामर्शको वास्तविक उपलब्धतासँग जोडिनुपर्छ।

### स्वास्थ्य बीमा : कार्ड होइन, भरोसा

स्वास्थ्य खर्चको जोखिम घटाउने प्रभावकारी माध्यम स्वास्थ्य बीमा हो। हाल पाँच सदस्यसम्मको परिवारले वार्षिक ३ हजार ५०० रुपैयाँ योगदान गरी एक लाख रुपैयाँसम्मको उपचार सुविधा पाउन सक्छ। अति गरिब, गम्भीर अपाङ्गता भएका, कुष्ठरोगी, एचआईभी संक्रमित, औषधि प्रतिरोधी क्षयरोगी र ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई योगदानमा पूर्ण सहुलियत छ।

तर बीमाको सफलता कार्ड वितरणको सङ्ख्याले मापन हुँदैन। बिरामी अस्पताल पुगेपछि औषधि उपलब्ध छ कि छैन, परीक्षण त्यहीँ हुन्छ कि हुँदैन, विशेषज्ञ सेवा सहज छ कि छैन भन्ने जस्ता प्रश्नको उत्तरले मात्रै बीमाप्रति विश्वास निर्माण गर्छ।

### महिला स्वास्थ्य : मातृत्वभन्दा फराकिलो दृष्टि

महिला स्वास्थ्यलाई प्रसूतिमा मात्र सीमित गर्नु पर्याप्त छैन। किशोरी स्वास्थ्य, प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, क्यान्सर, हिंसाजन्य स्वास्थ्य समस्या र वृद्धावस्थासम्म यसको दायरा फैलिएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार ९४ प्रतिशत गर्भवतीले कम्तीमा एकपटक दक्ष स्वास्थ्यकर्मीबाट गर्भजाँच गराएका छन् भने करिब ७९ प्रतिशत प्रसूति स्वास्थ्य संस्थामै हुन्छ। यो उल्लेखनीय प्रगति हो।

तर स्वास्थ्य संस्थामा पुग्नुमात्रै सफलता होइन। समयमै उपचार, दक्ष जनशक्ति, रगत, शल्यक्रिया र आकस्मिक प्रसूति सेवाको गुणस्तर सुनिश्चित हुनुपर्छ। राष्ट्रिय मातृ मृत्यु अध्ययनले अधिकांश मातृ मृत्यु प्रसूतिपछिको अवधिमा, विशेषतः अत्यधिक रक्तस्रावका कारण हुने देखाएको छ। त्यसैले अब नीति 'सुरक्षित प्रसूति' बाट 'जीवनचक्रमा आधारित महिला स्वास्थ्य सेवा' तर्फ उन्मुख हुनुपर्छ।

### नसर्ने र मानसिक रोगको बढ्दो भार

मुटुरोग, मधुमेह, क्यान्सर र दीर्घ श्वासप्रश्वासजन्य रोग नेपालका प्रमुख स्वास्थ्य चुनौती बनेका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२१ मा कुल मृत्युको करिब ५५ प्रतिशत यिनै रोगका कारण भएको अनुमान छ। यस्ता रोगले वर्षौंसम्म औषधि, परीक्षण र नियमित उपचार माग गर्छन्। परिवारको कमाउने सदस्य नै बिरामी पर्दा आयको स्रोत कमजोर हुन्छ। त्यसैले स्थानीय स्वास्थ्य संस्थामै रक्तचाप, मधुमेह परीक्षण, प्रारम्भिक जोखिम पहिचान र औषधिको निरन्तर उपलब्धता बलियो बनाउनुपर्छ।

मानसिक स्वास्थ्य पनि उत्तिकै गम्भीर छ। बेरोजगारी, ऋण, हिंसा, दीर्घरोग र सामाजिक असुरक्षाले मानसिक पीडा बढाइरहेको छ। आत्महत्यालाई व्यक्तिगत कमजोरी होइन मानसिक स्वास्थ्य सेवा र सामाजिक सुरक्षाको अभावसँग जोडेर हेर्न आवश्यक छ। प्राथमिक स्वास्थ्य केन्द्रसम्म मानसिक स्वास्थ्य परामर्श र आवश्यक प्रेषण प्रणाली विस्तार गरिनुपर्छ।

### ज्येष्ठ नागरिक र खाद्य सुरक्षाको प्रश्न

सत्तरी वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था सकारात्मक भए पनि पर्याप्त छैन। घरदैलो स्वास्थ्य सेवा, नियमित औषधि र असहाय ज्येष्ठका लागि विशेष सामाजिक स्वास्थ्य संरक्षण आवश्यक छ। अस्पताल आउन नसक्ने नागरिकलाई राज्यले घरमै पुगेर सेवा दिने प्रणाली विकास गर्नुपर्छ। स्वास्थ्य अधिकार खाद्य सुरक्षाविना पनि अधुरो रहन्छ। पर्याप्त र सुरक्षित खाना, स्वच्छ पानी र सरसफाइ स्वास्थ्यका आधारभूत पूर्वसर्त हुन्। अस्पताल पुग्नुअघि नागरिकको स्वास्थ्य जोगाउनु पनि राज्यकै जिम्मेवारी हो।

### स्थानीय सरकार र संस्थागत सुधार

संघीय व्यवस्थापछि स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको शासन हो। त्यसैले स्वास्थ्य चौकी निर्माण गरेर मात्र दायित्व पूरा हुँदैन। स्वास्थ्यकर्मी नियमित छन् कि छैनन्, औषधि उपलब्ध छ कि छैन, दीर्घरोगी र गर्भवतीसम्म सेवा पुगेको छ कि छैन भन्ने सूचकले वास्तविक उपलब्धि देखाउँछन्। स्थानीय तहले अति गरिब, एकल महिला, अपाङ्गता भएका र जोखिममा रहेका नागरिकको पहिचान गरी स्वास्थ्य सेवासँग जोड्ने सक्रिय भूमिका खेल्नुपर्छ।

अस्पतालमा हुने व्यवहार पनि उपचारकै हिस्सा हो। आर्थिक अवस्था वा पहिरनका आधारमा कुनै बिरामीले अपमान वा उपेक्षा भोग्न नपरोस्। आकस्मिक उपचार धरौटी वा प्रशासनिक प्रक्रियाका कारण ढिलो हुनु हुँदैन। प्रत्येक अस्पतालमा पारदर्शी शुल्क, प्रभावकारी गुनासो व्यवस्थापन, सामाजिक सेवा एकाइ र छिटो प्रेषण प्रणाली अनिवार्य हुनुपर्छ। छानबिन समिति बनाउने तदर्थ अभ्यासभन्दा त्यस्ता घटना हुनै नदिने संस्थागत संयन्त्र बढी आवश्यक छ।

### निष्कर्ष : अधिकार परिणाममा देखिनुपर्छ

नेपालले मातृ स्वास्थ्य, स्वास्थ्य पूर्वाधार र स्वास्थ्य बीमामा उल्लेखनीय प्रगति गरेको छ। तर गरिब नागरिक उपचारकै लागि ऋणमा डुब्नुपर्ने, औषधि खोज्दै निजी फार्मेसी धाउनुपर्ने र आकस्मिक अवस्थामा अन्योल भोग्नुपर्ने यथार्थ अझै हटेको छैन। सप्तरीको घटना प्रतिनिधि दृष्टान्तमात्रै हो। यसले राज्यलाई सोधेको प्रश्न स्पष्ट छ — संविधानले दिएको स्वास्थ्यको मौलिक हक अस्पतालको ढोकामा पुगेपछि पनि जीवित रहन्छ कि रहँदैन ?

स्वास्थ्य प्रणालीको सफलता अस्पतालको संख्या, भवनको आकार वा बजेटको प्रतिशतले होइनन्न संकटको घडीमा सबैभन्दा विपन्न नागरिकले कति सहज, सुलभ र सम्मानजनक उपचार पायो भन्ने आधारमा मापन हुनुपर्छ। संविधानको स्वास्थ्य अधिकार त्यतिबेला मात्रै सार्थक हुन्छ जब अस्पतालको ढोकामा पुगेको गरिब नागरिकले आफूलाई राज्यको बोझ होइन अधिकार सम्पन्न नागरिकका रूपमा अनुभूत गर्न सक्छ।

बाह्रखरीबाट

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# दलित जन कल्याण युवा क्लब (DJKYC)

**रोजगारीको अवसर** (VACANCY ANNOUNCEMENT)

प्रकाशित मितिः २०८३ भाद्र ३१ ( १६ सेप्टेम्बर २०२६)

आवेदन दिने अन्तिम मितिः २०८३ असोज ९ गते (२५ सेप्टेम्बर २०२६)

## सहायक पम्प अपरेटर (Assistant Pump Operator) पदका लागि दरखास्त आह्वान

दलित जन कल्याण युवा क्लब (DJKYC) एक स्थानीय, गैरनाफामूलक तथा गैरराजनीतिक संस्था हो, जसले सन् २००० देखि महिला, बालबालिका तथा सीमान्तकृत समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका साथै खानेपानी, सरसफाइ र स्वच्छता (WASH) क्षेत्रमा निरन्तर कार्य गर्दै आएको छ। वाटरएड नेपालको साझेदारी तथा लहान नगरपालिका र नेपाल खानेपानी संस्था (NWSC) को समन्वयमा लहान नगरपालिकामा सञ्चालित "द बिकन परियोजना (The Beacon ProjectM Municipality–wide Equitable WASH Services in Lahan)" अन्तर्गत खानेपानी तथा सरसफाइ सेवाको दिगो, समावेशी र पहुँचयोग्य व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्य राखिएको छ। परियोजनाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छनः

१. सिराहा जिल्लाको जिल्लाव्यापी मोडेलअन्तर्गत लहान नगरपालिकामा नगरपालिका–व्यापी खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवाको नमूना विकास गर्नु।
२. विशेषगरी विपन्न तथा सीमान्तकृत समुदायलाई लक्षित गरी नेपाल खानेपानी संस्था (NWSC) लहानको सेवा विस्तार र कार्यदक्षता अभिवृद्धिमा सहयोग पुर्‍याउनु।
३. लहानमा विकसित नगरपालिका–व्यापी सेवा मोडेललाई जिल्ला तथा राष्ट्रिय स्तरमा विस्तारयोग्य नमूनाको रूपमा प्रवर्द्धन गर्नु।

यस परियोजनाअन्तर्गत DJKYC ले NWSC लहानलाई प्राविधिक सहयोग प्रदान गर्दै आएको छ। हाल NWSC लहानको सेवा क्षेत्र वडा नं. १ देखि १० बाट विस्तार भई वडा नं. १३, १४, १६ र २४ सम्म पुगेको छ। विस्तारित क्षेत्रमा खानेपानी प्रणालीको प्रभावकारी सञ्चालन, नियमित मर्मत सम्भार तथा सेवा प्रवाहलाई थप सुदृढ बनाउन सहायक पम्प अपरेटर करार सेवामा कार्य गर्न इच्छुक, योग्य तथा सक्षम नेपाली नागरिकहरूबाट आवेदन आह्वान गरिएको छ।

**पद सम्बन्धी विवरण**

| विवरण | जानकारी |
|---|---|
| पद | सहायक पम्प अपरेटर |
| पद संख्या | ४ (चार) जना |
| कार्यस्थल | NWSC फिल्ड कार्यालय, लहान नगरपालिका, सिराहा |
| करार अवधि | ३१ मार्च २०२७ सम्म |
| प्रतिवेदन गर्ने निकाय | सब–इन्जिनियर, DJKYC/NWSC फोकल पर्सन |
| कार्यसम्पादन मूल्याङ्कन | कार्यालय प्रमुख, NWSC लहान |

**३. मुख्य भूमिका तथा जिम्मेवारीहरू**

**क)पम्प सञ्चालन**
- तोकिएको कार्यविधि तथा मापदण्डअनुसार खानेपानी पम्प तथा सम्बन्धित उपकरणहरू सञ्चालन गर्ने।
- दैनिक पम्प सञ्चालन गतिविधिको अनुगमन गरी प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्ने।
- पम्प सञ्चालन समय, पानी उत्पादन तथा उपकरणहरूको कार्यसम्पादन सम्बन्धी विवरण अभिलेखीकरण गर्ने।
- सञ्चालन सम्बन्धी लगबुक तथा रेकर्ड नियमित रूपमा अद्यावधिक राख्ने।

**ख)क्लोरिनेशन तथा पानीको गुणस्तर अनुगमन**
- स्वीकृत कार्यविधि (SOP) अनुसार क्लोरिन घोल तयार गरी क्लोरिन डोजिङ युनिट सञ्चालन गर्ने।
- NWSC लहानको पानी गुणस्तर व्यवस्थापन योजनाअनुसार वितरण बिन्दु तथा उपभोक्ता तहमा क्लोरिनको मात्रा अनुगमन गर्ने।
- पानीको गुणस्तर सम्बन्धी देखिएका समस्याहरू सम्बन्धित सुपरिवेक्षकलाई तत्काल जानकारी गराउने।

**ग) मर्मतसम्भार तथा मरम्मत**
- पम्प, पाइपलाइन, भल्भ, मोटर तथा सम्बन्धित उपकरणहरूको नियमित निरीक्षण गर्ने।
- निर्धारित कार्यतालिका अनुसार निवारक मर्मतसम्भार (Preventive Maintenance) कार्य सम्पन्न गर्ने।
- सामान्य यान्त्रिक तथा विद्युतीय समस्याहरू पहिचान गरी आवश्यक सामान्य मरम्मत गर्ने।
- जटिल वा ठूला प्राविधिक समस्याहरू देखिएमा तत्काल सम्बन्धित सुपरिवेक्षकलाई जानकारी गराउने।

**घ) प्राविधिक सहयोग**
- पम्प तथा सम्बन्धित प्रणालीहरूको जडान, सञ्चालन, मर्मत तथा सेवा कार्यमा आवश्यक सहयोग गर्ने।
- आवश्यकता अनुसार प्लम्बिङ तथा अन्य मर्मतसम्भार कार्यमा सहयोग पुर्‍याउने।
- पम्पिङ प्रणालीसँग सम्बन्धित विद्युतीय जडानहरूको सुरक्षित तथा सुचारु सञ्चालन सुनिश्चित गर्ने।
- चुहावट पहिचान तथा मर्मत कार्यमा सहयोग गर्ने।
- प्रशासनिक तथा प्राविधिक सुपरिवेक्षकहरूसँग प्रभावकारी समन्वय तथा सञ्चार कायम गर्ने।

**ङ)अभिलेख व्यवस्थापन तथा प्रतिवेदन**
- सञ्चालन तथा मर्मत सम्भारसम्बन्धी अभिलेखहरू व्यवस्थित रूपमा राख्ने।
- पम्पको कार्यसम्पादन तथा मर्मतसम्भार गतिविधिसम्बन्धी नियमित प्रतिवेदन तयार गर्ने।
- उपकरण बिग्रिएको अवस्था, सम्पन्न मर्मतसम्भार तथा आवश्यक स्पेयर पार्टसका सम्बन्धमा प्रतिवेदन पेश गर्ने।

**च)स्वास्थ्य, सुरक्षा तथा अनुपालन**
- कार्यस्थल सुरक्षा सम्बन्धी मापदण्ड तथा संस्थागत नीति–नियमहरूको पूर्ण पालना गर्ने।
- औजार, मेसिनरी, रसायन तथा अन्य उपकरणहरूको सुरक्षित प्रयोग सुनिश्चित गर्ने।
- पम्प स्टेशन तथा कार्यस्थलको सरसफाइ, सुरक्षा तथा व्यवस्थित अवस्था कायम राख्ने।

**छ) संरक्षण** (Safeguarding)
- WaterAid तथा DJKYC का आचारसंहिता (Code of Conduct), संरक्षण (Safeguarding) नीति तथा सम्बन्धित मापदण्डहरूको पूर्ण पालना गर्ने।

**आवश्यक योग्यता तथा अनुभव**

**शैक्षिक योग्यता**
- कम्तीमा SEE/SLC/T–SLC वा सो सरह उत्तीर्ण।

**प्राविधिक योग्यता**
- पम्प सञ्चालन, पानी गुणस्तर व्यवस्थापन, विद्युत, प्लम्बिङ, मेकानिकल वा सम्बन्धित क्षेत्रमा तालिम प्राप्त गरेको।
- विद्युतीय तथा मेकानिकल प्रणालीसम्बन्धी आधारभूत ज्ञान भएको।

**अनुभव**
- पम्प सञ्चालन, खानेपानी प्रणाली, पानी गुणस्तर परीक्षण, प्लम्बिङ, विद्युत् वा मेकानिकल मर्मतसम्भार सम्बन्धी अनुभव भएकालाई प्राथमिकता दिइनेछ।

**आवश्यक सीप तथा दक्षता**
- पम्प सञ्चालन तथा मर्मतसम्भार सम्बन्धी ज्ञान।
- सामान्य प्राविधिक समस्या समाधान गर्ने क्षमता।

–बाँकी अंश क्रमशः चार पेजमा

### बाढी प्रभावितको ...

निर्णय गरिएको हो।

त्यसअघि कोषमा सिरहाको मिर्चैया नगरपालिका २५ लाख ५८ हजार रुपैयाँ, लहान नगरपालिका ११ लाख, गोलबजार नगरपालिका पाँच लाख ५५ हजार ५५५ रुपैयाँ, कल्याणपुर नगरपालिका पाँच लाख र सिराहा नगरपालिका पाँच लाख दाखिला गर्ने निर्णय गरेका थिए। पछिल्लोपटक भगवानपुर गाउँपालिकासहित कोषमा जिल्लाका १७ पालिकामध्ये ६ पालिकाले ५६ लाख ६९ हजार ११० रुपैयाँ सहयोगको घोषणा गरेका छन्।

यसैबिच, जिल्लाका व्यापारी व्यवसायीहरूको पेसागत संस्था लहानस्थित जिल्ला उद्योग वाणिज्य संघले पनि भोटेकोशी बाढी प्रभावितहरूको राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराएको छ। संघका अध्यक्ष प्रदीपकुमार गुप्ताका अनुसार संघले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा मंगलबार दुई लाख २२ हजार २२२ रुपैयाँको चेक दाखिला गरेको हो।

### प्रहरीको ब्यारिकेट ...

स्थित हुलाकी सडक खण्डमा एम्बुलेन्स छाडेर फरार भएको सिरहा प्रहरीले जनाएको छ।

एम्बुलेन्स जाँच गर्ने क्रममा पाँचवटा बोराभित्र १०५ किलो गाँजा बरामद भएको एसपी बासुदेव पाठकले जानकारी दिए। एसपी पाठकका अनुसार बरामद गाँजासहित एम्बुलेन्स जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याएर घटनाबारे थप अनुसन्धान भइरहेको छ। फरार रहेका चालकको पहिचान तथा खोजतलास जारी रहेको उनले बताए।

## सर्वोच्चको आदेश– संविधान संशोधन गर्न दुवै सदनमा दुईतिहाई बहुमत हुनैपर्ने

काठमाडौं, ३१ भदौ। सर्वोच्च अदालतले संविधान संशोधन गर्न दुवै सदनमा दुई तिहाई बहुमत हुनैपर्ने आन्देश गरेको छ। संविधान विपरीत हुने गरी प्रतिनिधिसभा नियमावलीमा राखिएका दुई वटा नियमहरू कार्यान्वयन नगरी यथास्थितिमा राख्नू भनी अन्तरिम आदेश दिएको छ। प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित ५ न्यायाधीशको संवैधानिक इजलासले प्रतिनिधिसभा नियमावली २०८३ को नियम १४० को उपनियम ११ र नियम २५९ कार्यान्वयन नगर्नू भनेको हो।

प्रतिनिधिसभा नियमावली २०८३

–बाँकी अन्तिम पेजमा

## आमा–छोरा मिलेर भ्रष्टाचार

काठमाडौं, ३१ भदौ। सोलुखुम्बुको सोताङ गाउँपालिकाकी उपाध्यक्ष अन्जु नाछिरिङ राई र उनका छोरा सुनिल नाछिरिङ राईविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकामा सञ्चालन भएको ९० कार्य दिनको

–बाँकी अन्तिम पेजमा

## लाखौं ठगीका आरोपित रामेश्वर महोत्तरी प्रहरी कार्यालयबाटै फरार

काठमाडौं, ३१ भदौ। लाखौँ ठगी गरेको आरोपमा पक्राउ परेका प्रतिवादी प्रहरी कार्यालयबाटै फरार भएका छन्। कास्कीको पोखरा महानगरपालिका–५ घर भएका ३८ वर्षीय रामेश्वर पराजुली जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट भागेका हुन्। मधेस प्रदेशका मन्त्रालयहरूबाट योजना मिलाइदिने भन्दै ठगेको आरोपमा सिरहा प्रहरीले उनलाई गत साउन २७ गते पक्राउ गरेको थियो। सिरहाको मुद्दा प्रक्रिया पूरा भएपछि उनलाई महोत्तरी बुझाइएको थियो। जिल्ला प्रहरी कार्यालय महोत्तरीमा रहेको मुद्दाको टुङ्गो लागेपछि अर्को कार्यालयमा बुझाउनुपर्ने प्रतिवादी प्रहरी कार्यालयबाटै सुटुक्क भाग्न सफल भएका हुन्। उनी फरार हुनुमा प्रहरीकै मिलेमतो रहेको आशङ्का गरिएको छ।

महोत्तरी प्रहरीले ठगी तथा आपराधिक विश्वासघात कसुरमा पराजुलीमाथि अनुसन्धान गरेर प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको थियो। उनीविरुद्ध महोत्तरीको एकडारा गाउँपालिका–४ का दरवेश राय यादवले जाहेरी दिएका थिए। दुईवटा कसुरमा अदालतले उनलाई १५–१५ हजार रुपैयाँका दरले धरौटीमा छाड्न आदेश दिएको थियो। अदालतले तोकेको धरौटी तिरेका रामेश्वरविरुद्ध काठमाडौँका दुईवटा प्रहरी कार्यालयमा पनि जाहेरी दर्ता भएको थियो। उनीविरुद्ध प्रहरी वृत्त बौद्ध र गौशालामा दर्ता भएको जाहेरीमाथि अनुसन्धान गर्न बाँकी नै थियो। अनुसन्धानका लागि काठमाडौँ पठाउनुपर्ने प्रतिवादी जिल्ला प्रहरी कार्यालयबाटै फरार भएको महोत्तरीका एक अधिकृतले जानकारी दिए।

पराजुलीलाई अनुसन्धानका

–बाँकी अन्तिम पेजमा

**दलित जन कल्याण युवा क्लब (DJKYC) बाँकी अंश**

- अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयार गर्ने सीप।
- टोलीमा तथा स्वतन्त्र रूपमा कार्य गर्न सक्ने क्षमता।
- जिम्मेवार, इमानदार तथा जवाफदेही व्यक्तित्व।
- फिल्डमा कार्य गर्न सक्षम शारीरिक अवस्था।

**उमेर सीमा**

- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

**आवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरू**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२. शैक्षिक योग्यता प्रमाणपत्रहरूको प्रतिलिपि।
३. अद्यावधिक बायोडाटा (CV)।
४. हस्तलिखित निवेदन तथा पासपोर्ट साइजको फोटो।
५. प्राविधिक तालिमका प्रमाणपत्रहरू (भएमा)।
६. अनुभव प्रमाणपत्रहरू (भएमा)।
७. सम्बन्धित अन्य सहयोगी कागजातहरू।

**तलब तथा सुविधा**

संस्थाको नीति तथा नेपाल सरकारबाट तेस्रो तहका कर्मचारीका लागि लागू प्रचलित व्यवस्था अनुसार उपलब्ध गराइनेछ।

**छनोट प्रक्रिया**

- आवेदन तथा कागजातहरूको प्रारम्भिक मूल्याङ्कन।
- योग्यता, तालिम, सीप तथा अनुभवका आधारमा छोटो सूची (कजयचतष्कितष्लन) तयार गरिनेछ।
- अन्तर्वार्ता।
- आवश्यक परेमा प्रयोगात्मक परीक्षण (Practical Assessment)।

**आवेदन पेश गर्ने तरिका**

इच्छुक तथा योग्य नेपाली नागरिकहरूले आफ्नो आवेदन पत्र, अद्यावधिक बायोडाटा (CV) तथा आवश्यक प्रमाणपत्रहरू सहित २०८३ असोज ९ गते (२५ सेप्टेम्बर २०२६) कार्यालय समयभित्र निम्न ठेगानामा पेश गर्न सक्नुहुनेछ।

**ठेगाना**
**दलित जन कल्याण युवा क्लब** (DJKYC)
लहान नगरपालिका-१०, गुडीगाउँ, सिराहा, नेपाल
इमेलः vacancy@djkyc.org लिंक https://ee.kobotoolbox.org/x.daZ5PSH0

**विशेष सूचना**

- केवल छोटो सूची (Shortlisted) मा परेका उम्मेदवारहरूलाई मात्र थप छनोट प्रक्रियाका लागि सम्पर्क गरिनेछ। कुनै पनि वा सम्पूर्ण आवेदन अस्वीकार गर्ने अधिकार दलित जन कल्याण युवा क्लब (DJKYC) मा सुरक्षित रहनेछ।
- महिला, दलित, जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायका योग्य उम्मेदवारहरूलाई आवेदन दिन विशेष प्रोत्साहन गरिन्छ।

# ट्यांकरमा कार ठोक्किँदा तीन जना घाइते

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ३१ भदौ। सप्तरीको सुरुङ्गा नगरपालिका-६ श्रीपुरस्थित पूर्व-पश्चिम राजमार्गमा रोकिराखेको केमिकल ट्याङ्करमा कार ठोक्किदा तीन जना घाइते भएका छन्। बिग्रिएर सडकको छेउमा रोकिराखेको डब्लुबी ११ एफ १७९५ नम्बरको केमिकल ट्याङ्करमा काठमाडौँबाट झापातर्फ जाँदै गरेको बा.प्र. ०१-०३५ च ३३१७ नम्बरको कार पछाडिबाट ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो। बुधबार भएको सो दुर्घटना बाक्लो हुस्सुका कारण भएको प्रारम्भिक अनुमान गरिएको छ।

दुर्घटनामा कार चालक धादिङ पितले गाउँपालिका-३ का २१ वर्षीय मनोज श्रेष्ठ, सुनसरी इनरुवा नगरपालिका-३ का ३० वर्षीय ओशिम खान र झापा भद्रपुर नगरपालिका-७ का २८ वर्षीय पवन राई घाइते हुनुभएको उहाँले जानकारी दिनुभयो। कार चालक श्रेष्ठको खुट्टामा सामान्य चोट लागेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। खानको निधार, मुख तथा बायाँ हातको पाखुरामा चोट लागेको छ भने राईको टाउको तथा बायाँ आँखामाथिको डिलमा चोट लागेको प्रहरीले जनाएको छ। दुवैको अवस्था मध्यम रहेको छ। दुर्घटनामा सुनसरी बराहक्षेत्र नगरपालिका-९ का २५ वर्षीय मोहन कविरथ भने सकुशल रहेको प्रहरीले जनाएको छ।

घाइते तीनै जनाको सिरहाको लहानस्थित सप्तऋषि अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा सङ्लग्न कार र ट्याङ्कर प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको घिमिरेले जानकारी दिनुभयो।

## आमा–छोरा ...

ढाका सिलाइ-बुनाइ तालिममा प्रशिक्षकको काम दिलाएबापत अन्जुले ४५ हजार रुपैयाँ घुस मागेको आरोप छ। उक्त रकम छोरा सुनिलको बैंक खाताको क्यूआर कोडमार्फत जम्मा गर्न लगाएको अख्तियारको दाबी छ।

अनुसन्धानका क्रममा अन्जुले आफ्नो पदको जिम्मेवारी प्रयोग गरी तालिममा प्रशिक्षकको काम दिलाउन र सहजीकरण गरेबापत सुनिलसँगको मिलेमतोमा घुस लिएको अख्तियारले जनाएको छ। आयोगले अन्जुविरुद्ध ४५ हजार रुपैयाँ बिगो कायम गरी कैद र बिगो बराबर जरिवानाको मागदाबी गरेको छ। त्यस्तै, सुनिलले पनि आमासँगको मिलेमतोमा सेवाग्राहीबाट ४५ हजार रुपैयाँ घुस लिई अन्जुको निम्ति उपलब्ध गराएको आरोपमा उनीविरुद्ध पनि सोही बिगो बराबर कैद र जरिवानाको मागदाबी गरिएको अख्तियारले जनाएको छ। आयोगले दुवैविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।

## सर्वोच्चको आदेश...

को नियम १४० को उपनियम ११ मा प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रियसभामा पठाइएको संविधान संशोधनसम्बन्धी विधेयक दुवै सदनमा तत्काल कायम रहेको सम्पूर्ण सदस्यको दुई तिहाइ पुगेमा सभामुखले प्रमाणीकरण गरी राष्ट्रपतिकहाँ पठाउने व्यवस्था थियो। त्यसैगरी, नियम २५९ मा




प्रचलित कानुनमा जुनसुकै कुरा लेखिए पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानुनको रुपमा विशेष कानुनसरह लागू हुनेछ भन्ने व्यवस्था थियो।

प्रधानन्यायाधीश शर्मासहित न्यायाधीशहरू कुमार रेग्मी, डा. नहकुल सुवेदी, विनोद शर्मा र सारंगा सुवेदीको इजलासले यी दुवै नियम कार्यान्वयन नगर्नू भनी अन्तरिम आदेश दिएको हो। नेपाली कांग्रेसको राष्ट्रिय सभा संसदीय दलको नेता कमल पन्त लगायतले संविधानसँग बाझिने नियमावलीका केही प्रावधान खारेज हुनुपर्ने मागसहित सर्वोच्च अदालतमा निवेदन दिएका थिए।

# मधेस सरकारलाई दिएको समर्थन फिर्ता लिने एमालेको चेतावनी

जनकपुरधाम, ३१ भदौ। मधेस प्रदेशमा सत्ता साझेदार दल एमालेले सरकारप्रतिको समर्थन फिर्ता लिने चेतावनी दिएको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनताको भावना अनुरूप काम गर्न नसकेको भन्दै एमाले असन्तुष्ट देखिएको हो। मधेस प्रदेश सभा, एमाले संसदीय दलका नेता सरोजकुमार यादवले सरकारको रवैया यस्तै रहे एमालेले समर्थन फिर्ता लिने चेतावनी दिए। पूर्वमुख्यमन्त्री समेत रहेका यादवले वर्तमान सरकार गठन पूर्व गरिएको सम्झौता, सहमति कार्यान्वयन गर्न मुख्यमन्त्री उदासीन देखिएको आरोप लगाए।

उनले भने, 'सरकारमा जानुपूर्व मुख्यमन्त्रीसँग १५ बुँदे सम्झौता गरेका थियौँ। यतिका महिना बितिसक्यो, त्यो कार्यान्वयनमा उहाँले ध्यान दिनुभएन। सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने हो भने सरकारमा बसिराख्नुको औचित्य छैन।' मुख्यमन्त्री अहिले विदेश भ्रमणमा रहेको जनाउँदै एमाले संसदीय दलका नेता यादवले मुख्यमन्त्री फर्किएपछि यो विषयमा एक पटक गम्भीर कुराकानी गर्ने बताए। 'कुरा मिलेन भने एमालेले समर्थन फिर्ता लिन सक्छ,' उनले भने।

अन्य प्रदेशमा कांग्रेसलाई बाहिर राखेर वाम गठबन्धनको सरकार बनिसकेको प्रस्ट पार्दै यादवले भने, 'हामीले मधेस प्रदेशमा पुरानै सरकारलाई निरन्तरता दिएका छौं। संघीयता ल्याउन हामी सबैको उत्तिकै ठुलो योगदान छ। त्यही भएर यो प्रदेशमा त्यस्तो किचलो नहोस् भनेर कांग्रेस नेतृत्वको सरकारलाई नै सहयोग जारी राखेका हौँ।' तर, सरकारमा जानुपूर्व आफूहरूले गरेको सहमति अनुरूप सरकारले कुनै काम नगरेको यादवको आरोप छ। 'मुख्यमन्त्रीमाथि नै गम्भीर आरोप लाग्ने गरेको छ,' उनले भने, 'त्यो भ्रम हो कि यथार्थ हो भन्ने चिर्न पनि उहाँको ध्यान पुगेको छैन।'

मुख्यमन्त्रीले बाहिर सार्वजनिक रूपमा उठेका विषयवस्तुमाथि प्रस्ट पार्नुपर्ने एमाले नेता यादवको भनाइ छ। मुख्यमन्त्रीमाथि मन्त्रालय घटाउन असहयोग गरेको र प्रशासनिक अनियमितता बढाएको लगायतका आरोप लाग्दै आएको छ। सरकारमा जानुपूर्व एमालेसँग भएको सम्भौतामा सरकार सञ्चालनका लागि सत्ताधारी दलहरूबिच आपसी समन्वय र उच्च समझदारी हुनुपर्ने, प्रदेशका अधुरा तथा अपुरा आयोजनाहरूलाई पूर्णता दिन प्राथमिकता दिने तथा परियोजना, योजनाहरूलाई मात्र आगामी बजेटमा समावेश गर्ने लगायतका विषय समेटिएका थिए।

कर्मचारीको सरुवा-बढुवा तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनुपर्ने, प्रदेश सरकारका काम-कारबाहीमार्फत नागरिकलाई सुशासनको प्रत्यक्ष अनुभूति गराउने कार्ययोजना अघि सार्ने, वर्तमान राजनीतिक समीकरणलाई आगामी चुनावसम्मै दिगो र मजबुत बनाएर लैजाने लगायतका सहमति भएको थियो।

यता, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेको चर्चा चुलिएको छ। यद्यपि नेकपाले समर्थन फिर्ता नलिने अर्थमन्त्री युवराज भट्टराईले बताए। उनले भने, 'सरकारको कामको रफ्तार अलि घटेको जस्तो देखिए पनि अहिले सरुवा, बढुवातर्फ केन्द्रित भएकाले असोजदेखि कामले गति लिन्छ।' एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेको भन्ने विषयबारे आफूलाई कुनै जानकारी नरहेको मन्त्री भट्टराईले बताए।

# मोटरसाइकल आपसमा ठोक्किँदा दुईको मृत्यु, दुई जना गम्भीर घाइते

सर्लाही, ३१ भदौ। सर्लाहीको सिर्सियामा दुई मोटरसाइकल आपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना गम्भीर घाइते भएका छन्। कबिलासी नगरपालिका-७ सिर्सियास्थित मलंगवा-नवलपुर सडकखण्डमा मधेस प्रदेश ०३-०३३ प ७८२४ नम्बरको मोटरसाइकलसँग विपरीत दिशाबाट आउँदै गरेको बिआर ३० एपी १२२४ नम्बरको भारतीय मोटरसाइकल मंगलबार साँझ ठोक्किएको थियो। दुर्घटनामा ७८२४ नम्बरको मोटरसाइकल चालक सर्लाहीको गोडैता नगरपालिका-६ का ३० वर्षीय सुमित यादव र १२२४ नम्बरको मोटरसाइकल चालक सर्लाहीकै कबिलासी-८ का २६ वर्षीय पप्पु पासवानको मृत्यु भएको छ।

दुर्घटनापछि गम्भीर घाइते भएका दुवै जनाको उपचारका क्रममा प्रादेशिक अस्पताल मलंगवामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिएका छन्। यसैबीच सोही दुर्घटनामा परेर १२२४ नम्बरको मोटरसाइकलमा सवार सर्लाहीको कबिलासी नगरपालिका-८ का ३३ वर्षीय सुरेन्द्र पासवान र मलंगवा नगरपालिका-६ का १८ वर्षीय बब्लुकुमार पासवान गम्भीर घाइते भएका छन्। अनुहार, टाउको र खुट्टामा चोट लागेका उनीहरूलाई प्रादेशिक अस्पताल मलंगवामा प्राथमिक उपचारपछि थप उपचारका लागि जनकपुर पठाइएको छ।

तीव्र गतिका कारण दुवै मोटरसाइकल आपसमा ठोक्किएको प्रहरीको अनुमान छ। प्रहरीले दुवै मोटरसाइकल नियन्त्रणमा लिएर घटनाको अनुसन्धान गरिरहेको जनाएको छ।

**चट्याङ लागेर बालिकाको मृत्यु**

यसैबीच सर्लाहीको बागमतीमा चट्याङ लागेर एक बालिकाको मृत्यु भएको छ भने दुई जना गम्भीर घाइते भएका छन्। मंगलबार साँझ बागमती नगरपालिका-४ गोले टोलमा परेको चट्याङ लागेर सोही स्थानका ठाकुरसिंह मोक्तानकी १२ वर्षीया छोरी दीना मोक्तानको मृत्यु भएको हो। चट्याङ लागेर गम्भीर घाइते भएकी बालिकाको स्थानीय स्वास्थ्य संस्थामा उपचारका क्रममा मृत्यु भएको हो।

सोही घटनामा हस्तबहादुर बम्जनकी ११ वर्षीया छोरी प्रीतिमा बोम्जन र ४२ वर्षीय पोशाकबहादुर वाइबा गम्भीर घाइते भएका छन्। घाइते प्रतिमालाई स्थानीय स्वास्थ्य संस्थामा सामान्य उपचारपछि थप उपचारका लागि वीरगन्ज पठाइएको प्रहरीले जनाएको छ। अर्का घाइते पोशाकबहादुरको बागमतीस्थित सभ्यता अस्पतालमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक गौतमले जानकारी दिएका छन्।

## लाखौं ठगीका ...

लागि पठाइदिन भन्दै प्रहरी वृत्त बौद्ध र गौशालाले महोत्तरी प्रहरीलाई पत्राचार गरेका थिए। भदौ २२ गते महोत्तरी जिल्ला अदालतले उनलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो। त्यसपछि काठमाडौं पठाउने प्रक्रिया मिलाउँदै गर्दा प्रहरीको आँखा छलेर उनी भागेको महोत्तरीका एसपी श्याम सारु मगरले बताए। उनले भने, 'यसमा आन्तरिक छानबिन भइरहेको छ।'

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)